

# ज्वरोव खोकीआएकोछभने

आइचीकेन को सूचना ( रेइवा 2/4/7सम्मको )

**गाडी चालकको अनुमति पत्र को म्याद सकिन लागेका महानुभाव**

नबिकरणको म्याद सक्किन अगाडी नै यातायात केन्द्र वा प्रहरीमा सम्पर्क गरेमा, म्याद समाप्ती भइ सके तापनि ३ महिना सम्म रद्ध गरिने छैन, तसर्थ गाडी चलाउन दिइनेछ।

यस अवधिमा प्रशिक्षन, योग्यता टेस्ट र नबिकरणको प्रक्रिया पुरा गर्न जरुरी छ

यो सूचना लागू हुने सम्बन्धित महानुभाव तलको सूचिमा उल्लेख गरिएको छः

चालक अनुमतिपत्रको म्याद रेइवा २/३/१३～७/३१ (मार्च १३ तारिक - जुलाइ ३१ तारिक )सम्म हुने व्यक्तिहरु

पहिलेनै नबिकरण गरिसकेको भए तापनि, नबिकरणको म्याद यो अवधिमा परेका व्यक्तिहरुले समेत फेरी म्याद थपगर्न मिल्ने

**चालक अनुमतिपत्रको म्याद समाप्त भएर बसेका महानुभाव**

नबिकरण म्याद सम्ममा, नबिकरणको प्रकिया पूरागर्न नसकी, म्याद समाप्त भएर बसेका व्यक्तिले , म्याद समाप्तिको ३ बर्ष भित्र, अथवा कोरोना भाइरस अन्त भएको १ महिना भित्रको अवधिमा भए, सैदान्तिक र प्रयोगात्मक परिक्षा बिना पनि पुन चालक अनुमति पत्र प्राप्त गर्न सक्नेछन

यो अवस्थामा सामान्यतया पुनर-प्रप्तिको लागि आवस्श्यक पर्ने लागत रकममा छुट दिनेछ, त्यसको लागि कार्यकर्तासंग सम्पर्क गर्नुहोला

बिस्तृत जानकारीको लागि नजिक को प्रहरी केन्द्रमा सम्पर्क गर्नुहोला

## नागोया इमिग्रेशनको सूचना

(रेइवा २/४/३ सम्मको )



इमिग्रेशनको भिडभाड कम गर्नको लागि मार्च, अप्रिल, मेइ र जून महिनामा भिजाको अवधि सकिने बिदेशीहरु (तोकुतेइ खाचुदोउ (देस छोड्ने तयारी भिजा (ज्युन्बी भिजा )का बिदेशीहरु समेत )बसाईको अवस्था परिबर्तन को निबेदन् तथा बसाईको म्याद नबिकरण निबेदन आदिको लागि म्याद सकिएको ३ महिना पछि सम्म निबेदन स्वीकृत गरिने छ

कोरोना भाइरसको संक्रमण रोक्न, कृपया आपतकालीन अवस्था बाहेक, भ्रमण नगरिदिनुहुन अनुरोध गरिन्छ